## प्राथमिक विद्यालय नर्स स्वास्थ्य तत्परता कार्यक्रम



# नेत्र जाँच

## अभिभावक र हेरचाहकर्ताहरूका लागि जानकारी

प्राथमिक विद्यालय नर्स स्वास्थ्य तत्परता कार्यक्रम (PSNHRP) प्रेप कक्षाका बालबालिकाहरूको नि: शुल्क आँखा जाँच उपलब्ध गराउने क्वीन्सल्याण्ड सरकारको एक पहलको हो ।

PSNHRP सँग क्वीन्सल्याण्डभरका दर्तावाल नर्सहरुको एक उच्च प्रशिक्षितको टोली छ जसले तपाईंको बच्चाको विद्यालयमा उनीहरूको प्रेप कक्षामा उपस्थित हुँदा उनीहरूको आँखा जाँच गर्नेछ।

आँखा जाँचले तपाईंको बच्चाको आँखाले देख्ने क्षमतामा असर गर्न सक्ने र सम्भव्यतः उनीहरूको सिकाइ र विकासमा प्रभाव पार्ने सक्ने आँखाको सामान्य रोगहरूको जाँच गर्दछ।

## हामी के गर्छौं?

- यस कार्यक्रमले अप्ठ्यारो नहुने दुई परीक्षण संसाधनको प्रयोग गरी तपाईंको बच्चाको दृष्टिको जाँच गर्दछ
- जाँच गर्न तपाईंको विद्यालयले तोकेको मिति/हरुमा पाँच मिनेटभन्दा कम समय लिन्छ र तपाईंको बच्चाको पढाईमा न्यूनतम अवरोध हुन्छ।
- जाँच गर्नुअघि, दृष्टिजाँच प्रकृयाका बारेमा तपाईंको बच्चाको कक्षामा दर्तावाल नर्सले जानकारी दिनेछ र उनीहरूलाई पहिचान गर्न तपाईंको बच्चालाई पूरा नाम, जन्ममिति र उनीहरूका बाबुआमा वा कानूनी संरक्षकको नाम सोध्नेछन्।
- बाबुआमाहरूले जाँचको लागि उपस्थित हुन आवश्यक पर्दैन तर यदि तपाईं हुन चाहनुहुन्छ भने यसको व्यवस्था गर्न कृपया विद्यालयमा सम्पर्क गर्नुहोला।
- यदि तपाईंको बच्चाको दृष्टिजाँच गरिएको छ भने तपाईंलाई यसको परिणाम लिखितरूपमा पठाइनेछ। यदि दृष्टिका सम्बन्धमा कुनै चिन्ता भेटियो भने थप परीक्षणका लागि नेत्र विशेषज्ञ कहाँ रेफरल गर्ने बारे छलफल गर्न नर्सले तपाईंलाई फोन गर्नेछ।

## तपाईंलाई के थाहा पाउनु आवश्यक छ?

- तपाईंको बच्चाको विद्यालयले उनीहरूको प्रेप कक्षा वर्षको अवधिमा एक दृष्टिजाँच अनुमति प्याक वितरण गर्नेछ। कृपया यसलाई पूरा भर्नुहोस् र यथासक्दो छिटो विद्यालयमा फिर्ता गर्नुहोस्।
- सो कार्यक्रमले रङ् दृष्टिहीनता अर्थात कलर ब्लाइन्डनेसको लागि जाँच गर्दैन र साथै तपाईंको बच्चाको श्रवण जाँचका लागि आर्थिक अनुदान पाएको छैन।
- यदि कुनै दृष्टिदोषको पहिचान गरियो भने र तपाईंको बच्चालाई चश्मा आवश्यक पर्छ भने, योग्य स्वास्थ्यसेवा कार्ड बाहकहरूलाई चश्मा आपूर्ति योजना (Spectacle Supply Scheme) (SSS) मार्फत नि:शुल्क आधारभूत चश्मा बनाउन सहयोग गरिन सक्छ। www.health.qld.gov.au/mass/prescribe/spectacles
- यदि तपाईंलाई कुनै पनि बेलामा आफ्नो बच्चाको आँखाका बारे कुनै चिन्ता छ भने कृपया तपाईंको बच्चालाई पेशेवर नेत्र रोग विशेषज्ञ (optometrist /ophthalmologist) लाई देखाउन लैजानुस्।
- आवश्यक परेमा यस कार्यक्रमले तपाईंलाई मद्दत गर्नको लागि नि:शुल्क दोभाषे उपलब्ध गर्दछ।

## हामीलाई सम्पर्क गर्नुहोस्

**Primary School Nurse Health Readiness Program**

t 1800 687 372

e admin.PSNHRP@health.qld.gov.au

w www.childrens.health.qld.gov.au

Nepali translation: November 2021

Queensland Government